# कार्यपालिका बैठकका प्रस्तावहरु (२०८० श्रावण ७ गते आइतबार)

प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ : नगरस्तरीय विपद् व्यवस्थापन तथा जलवायु उत्थानशिल समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. ३ : "घ" वर्गको निर्माण व्यवसाय ईजाजत प्रदान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ४ : झोलुङ्गे पुलको हेरालु नियूक्ति गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ५ : जग्गा वर्गिकरण मापदण्ड स्वीकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ६ : सडक मर्मत संभार सम्बन्धमा ।

प्रस्ताव नं. ७ : अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ८ : बजेट माग सम्बन्धमा ।

प्रस्ताव नं. ९ : DPR निर्माण गर्ने सम्बन्धमा ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

<u>निर्णयहरु</u>

निर्णय नं. १ : मिति २०८० असार ३१ गतेको कार्यपालिका वैठकबाट भएका निर्णयहरु कार्यान्वयनको विषयमा आजको यस वैठकमा छलफल भई अघिल्लो वैठकबाट भएका निर्णयहरु शतप्रतिशत कार्यान्वयनमा गएको समीक्षा गरियो ।

निर्णय नं.२ : नगरस्तरीय विपद् व्यवस्थापन तथा जलवायु उत्थानशिल समितिको मिति २०८०।०४।०७ गतेको देहाय बमोजिमको निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

(क) मेलम्ची नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट देहाय बमोजिमका योजनाहरु तथा आर्थिक सहायतामा भएको खर्च भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.स. | खर्च विवरण | खर्च रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | लक्ष्मी लुइटेलको स्वास्थ्य उपचारको लागि आर्थिक सहायता रकम भुक्तानी । | १५००० | |
| २ | संलग्न वडा कार्यालयको सिफारिस, निवेदन तथा मेडिकल रिपोर्ट अनुसार विरामि सिता माया तामाङ्लाई आर्थिक सहयोग भुक्तानी । | १५००० | |
| ३ | वडा कार्यालयको सिफारिस, निवेदन तथा ईलाका प्रहरी कार्यालय सिन्धुपाल्चोकको सिफारिस अनुसार कृष्ण बहादुर सुनारलाई भुक्तानी । | १०००० | |
| ४ | वडा नं. ५ को गोमा सार्कीलाई आर्थिक सहयोग । | ७००० | |
| ५ | वडा नं. ९ को नन्दे दमाईलाई आर्थिक सहयोग । | १५००० | |
| ६ | वडा नं. ११ को जुनामाया तामाङ्गलाई आर्थिक सहयोग । | १०००० | |
| ७ | वडा कार्यालयको सिफारिस र नगर प्रमुखको तोकादेशमा वडा नं. १० को सरस्वती श्रेष्ठलाई आर्थिक सहयोग। | १५००० | |
| ८ | संलग्न निवेदन र कागजातबमोजिम वडा नं. १० की नन्द माया कामीलाई आर्थिक सहयोग । | ५००० | |
| ९ | संलग्न निवेदन र कागजातबमोजिम वडा नं.९ को गोविन्द प्रसाद कुईकेललाई आर्थिक सहयोग । | १०००० | |

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल

| क्र.सं. | खर्च विवरण | खर्च रकम रु. | कैफियत |
|---|---|---|---|
| १० | वडा कार्यलयको सिफारिस,निवेदन अनुसार विपन्न परिवारलाई आर्थिक सहायता स्वरुप श्री भुवन गिरीलाई भुक्तानी। | १०००० | |
| ११ | संलग्न निवेदन र नगर प्रमुखको तोकादेशबमोजिम वडा नं.११ की कान्छी भण्डारीलाई आर्थिक सहयोग। | १०००० | |
| १२ | वडा नं. ६ स्थित आगलागी प्रभावित कमला के.सी.लाई राहत सहयोग भुक्तानी। | ३२००० | |
| १३ | ९ नं. वडा कार्यालयको सिफारिस अनुसार कल्पना खड्कालाई आर्थिक सहायता रकम भुक्तानी। | ५००० | |
| १४ | वडा कार्यालयको सिफारिस अनुसार वडा नं. १० नन्दमाया कामी मुटुरोग उपचारको लागि आर्थिक सहायता भुक्तानी । | १०००० | |
| १५ | स्वीकृत विवरण अनुसार नगरपालिकाले वेहोर्ने पुननिर्माण तथा पुनस्थार्पना अनुदानको रकम को.ले.नि.का. सिन्धुपाल्चोकको खातामा जम्मा गरिएको। | ८६२५०० | |
| १६ | वडा कार्यालयको सिफारिस अनुसार भिम बहादुर रावल र मृगौला पिडित निर कुमारी तामाङलाई आर्थिक सहयोग भुक्तानी। | २५००० | |
| १७ | निवेदन तथा डाक्टरी रिपोर्ट अनुसार मुटु तथा मृगौला रोग पिडित श्री सल बहादुर तामाङलाई आर्थिक सहयोग उपलब्ध। | १०००० | |
| १८ | संलग्न निवेदन तथा विल भरपाइ बमोजिमको रकम चरीमाया नेपालि लाइ भुक्तानि गरिएको। | ७००० | |
| १९ | संग्लन विल भर्पाइ बमोजिम वडा नं. ११ की केशरी माया घलेलाई घर संरक्षण बापतको रकम भुक्तानी। | १६०००० | |
| २० | संलग्न बिल र निवेदनबमोजिम साईरनको डाटा ट्रान्सफरको रकम टेक्नोलोजी सेल्स र राम लक्ष्मण ईनोभेसनलाई भुक्तानी। | ७०००४ | |
| २१ | वडा नं. १३ को बाटुले दनुवारलाई आर्थिक सहयोग। | ७००० | |
| २२ | संलग्न निवेदन र नगर प्रमुखको तोकादेशबमोजिम विवेक घोरासैनीको पिता विनोद घोरासैनीलाई रकम भुक्तानी। | ५०००० | |
| २३ | ठाँटी पधेराचौर सिपाघाट सडकको रकम डायमण्ड सिन्धु सप्लायर्स एण्ड बिल्डर्स प्रा.लि.लाई भुक्तानी। | ४८५२५६ | |

नगर कार्यपालिकाको कार्यालय
मेलम्ची नगरपालिका
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

| क्र.स. | खर्च विवरण | खर्च रकम रु. | कैफियत |
|---|---|---|---|
| २४ | वडा नं. १० की लेआ गजमेरलाई आर्थिक सहयोग। | १०००० | |
| २५ | वडा नं. ९ मान कुमारी खड्कालाई आर्थिक सहयोग। | १०००० | |
| २६ | संलग्न ३ नं. वडा कार्यालयको सिफारिस, प्राविधिक बिल तथा उपभोक्ता समितिको बिल भर्पाई अनुसार सुरङ्ग मार्ग डाँडाथोक ३ नं. वडा कार्यालय जोडने मोटरबाटो पुल कल्भर्ट उपभोक्ता समितिलाई भुक्तानी। | १२४०६२४ | |
| २७ | संलग्न निवेदन तथा विल भरपाइ वमोजिमको रकम बाहुनेपाटी-थाक्ले-च्यानडाँडा मोटरबाटो मर्मतको भुक्तानि गरिएको। | ४३६३५९ | |
| २८ | वडा नं.७ को विरे तामाङलाई आर्थिक सहयोग। | १६००० | |
| २९ | वडा कार्यालयको कार्यसम्पन्न सिफारिस र प्राविधिक बिलको मुल्याङ्कनबमोजिम वडा नं. १० को संसारेडाँडा फलामे शिखरपुर जुगे मोटरबाटो मर्मत उपभोक्ता समितिलाई रकम भुक्तानी दिईएको। | २००००० | |
| ३० | वडा नं. १३ को जीवनाथ ढकाललाई भुक्तानी। | ४०००० | |
| ३१ | वडा कार्यालयको सिफारिस र नगर प्रमुखको तोकादेशमा वडा नं. ११ को विर बहादुर गुरुङलाई आर्थिक सहयोग। | १५००० | |
| ३२ | वडा नं. ९ को आरोग्य भट्टराईलाई आर्थिक सहयोग। | १५००० | |
| ३३ | वडा नं. ९ पिया अधिकारीलाई आर्थिक सहायता | १५००० | |
| ३४ | वडा नं. ९ को चुडाध्वज देउजालाई आर्थिक सहायता | १५००० | |
| ३५ | वडा नं. ९ को राम्चे खोलसी पहिरो नियन्त्रण उपभोक्ता समितिलाई रकम भुक्तानी। | ३३०७८७ | |
| ३६ | वडा नं. १२ कार्यालयको सिफारिस अनुसार विनु लामालाई आर्थिक सहयोग रकम भुक्तानी। | १५००० | |
| ३७ | वडा नं. १२ को स्वास्थ्यचौकी संरक्षणको रकम सिन्धु विल्डर्सलाई भुक्तानी। | ६८६५७५ | |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

| क्र.स. | खर्च विवरण | खर्च रकम रु. | कैफियत |
|---|---|---|---|
| ३८ | संलग्न प्राविधिक विल अनुसार मानव वस्ती तथा खेतियोग्य जमिन संरक्षण गर्नका लागि इन्द्रावती नदिको धार परिवर्तन गर्न कार्य वापतको रकम भुक्तानी। | ७६९१४३ | |
| ३९ | वडा नं.१ को चापाबोट केन्द्रमा पर्खाल निर्माणको रकम दुवाचौर निर्माण सेवा प्रालिलाई भुक्तानी। | ५९६६३९ | |
| ४० | संलग्न निवेदन तथा विल भरपाइ अनुसार श्रावण महिनादेखि हाल सम्म विभिन्न मितिमा वडा कार्यालयहरुमा लगेको प्लास्टिक तथा पाइपहरुको रकम भुक्तानि गरिएको। | ११४८९८ | |
| ४१ | प्राविधिक विल, २ नं. वडा कार्यालयको सिफारिस तथा उपभोक्ता समितिको विल भर्पाई अनुसार काठे खोला नियन्त्रण तथा सडक सञ्चालन उपभोक्ता समितिलाई भुक्तानी। | २६६००० | |
| ४२ | वडा कार्यालयको सिफारिस र बिलबमोजिम कपिल निर्माण सेवालाई रकम भुक्तानी। | ६७८० | |
| ४३ | वडा नं. १० को सुन्तली सार्कीलाई आर्थिक सहयोग। | १०००० | |
| ४४ | वडा नं. ७ को सोमा तामाङ्नीलाई आर्थिक सहयोग। | १५००० | |
| | कुल रकम | ७४६९५६५ | |

(ख) मनसुनको समयममा हुन सक्ने संम्भावित जोखिम एवंम् क्षतिलाई न्यूनीकरण गरि घर लगायतको संरचना संरक्षण गर्नका लागि विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरि प्रत्येक वडा कार्यालयलाई प्रति वडा ६०० मिटर प्लास्टिक खरिद गरि उपलब्ध गराउने निर्णय गरियो।

(ग) मेलम्ची नगरपालिका भित्रका जोखिमयुक्त ४८ ठाउँहरुको रास्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट गरिएको भौगर्भिक अध्ययन प्रतिवेदन माथि आजको बैठकमा छलफल गरियो। उक्त प्रतिवेदनमा उल्लेख भए बमोजिमको उच्च जोखिममा रहेका क्षेत्रहरुमा रहेका निजि आवास एवम् बस्ति स्थानान्तरण गरि लाभग्राही कायम गर्नका लागि जिल्ला विपद् व्यवस्थापन समिति तथा रास्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा सिफारिस गर्ने निर्णय गरियो। यसका

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल

साथै प्रतिवेदनमा उल्लेख भए बमोजिम मध्यम एवंम् न्यून जोखिममा रहेका क्षेत्रहरुको जोखिम एवंम् क्षति न्यूनीकरणका लागि आवश्यक कार्यहरु गर्ने निर्णय गरियो ।

(घ) मनसुनको समयमा वर्षाको कारणले गर्दा मेलम्ची नगरपालिका भित्रका वडा कार्यालय जोड्ने मुख्य सडकहरुमा हुन सक्ने सम्भावित क्षतिलाई न्यूनीकरण गर्न तथा सडक सरसफाई गर्नका लागि प्रत्येक वडामा २/२ जना सडक हेरालु बढीमा ३ महिनासम्म दैनिक ज्यालादारीमा रु. ५०० |- (अक्षरुपी पाँच सय रुपैयाँ मात्र) उपलब्ध गराउने गरि कामकाजमा लगाउने निर्णय गरियो । साथै सडक हेरालुका लागि गाडा-१ सेट, घन-१ सेट, साबेल-२ सेट, पिक-१ सेट, टोपी-२ सेट, गमबुट-२ जोर, पन्जा-४ जोर र रेनकोट-२ सेट सामाग्रीहरु उपलब्ध गराउने निर्णय गरियो । यसका साथै सडक हेरालुको पारिश्रमिक एवंम् उल्लेखित सामाग्रीहरुको खरिद कार्यको लागि विपद् व्यवस्थापन कोषबाट खर्च गर्ने निर्णय गरियो ।

(ङ) आसन्न मनसुनको समयमा हुने सम्भावित विपद्जन्य घटनाहरुको व्यवस्थापन एवंम् राहत वितरणका लागि टेन्ट, त्रिपाल तथा अन्य खोज उद्दार सम्बन्धि सामाग्रीहरु आवश्यक पर्ने भएको हुँदा उक्त सामाग्रीहरु उपलब्ध गराउनका लागि जिल्ला विपद् व्यवस्थापन समिति, सिन्धुपाल्चोक र बागमती प्रदेश, आन्तरिक मामिला तथा कानून मन्त्रालय, हेटौडामा पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : "घ" वर्गको निर्माण व्यवसाय ईजाजत दर्ता समितिबाट देहाय बमोजिमका निर्माण व्यवसायलाई घ वर्गको ईजाजत प्रदान गर्नको लागि सिफारिस भई आएको हुँदा समितिबाट सिफारिस भई आए बमोजिम तपसिल बमोजिमका निर्माण व्यवसायलाई "घ" वर्गको ईजाजत प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | निर्माण व्यवसायको विवरण | निर्माण व्यवसायीको नाम, थर | ठेगाना |
|---|---|---|---|
| १ | फट्केश्वरी सप्लायर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि. | तुलसीराम घोरासैनी | मेलम्ची न.पा. १३ |
| २ | ममुश ईन्जिनियरिङ कन्सर्न प्रा.लि. | मदन सापकोटा | मेलम्ची न.पा. २ |
| ३ | प्रियन्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | कुमार दुलाल | मेलम्ची न.पा. ११ |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

निर्णय नं. ४ : नगरपालिका क्षेत्र भित्र निर्माण भएका झोलुङ्गे पुलहरुको रेखदेख, नियमित मर्मत संभार र सरसफाई गर्नको लागि सम्बन्धित वडाको सिफारिस र सम्बन्धित वडाले प्रमाणित गरेको डोर हाजिर फाराममको आधारमा प्रति हेरालु मासिक रु. ५००।– का दरले वार्षिक रु. ६०००।– एकमुष्ट पाउने गरी मर्मत संभार विशेष कोषबाट खर्च हुने गरी एक/एक जना झोलुङ्गे पुल हेरालु राख्ने निर्णय गरियो।

निर्णय नं. ५ : मेलम्ची नगरपालिकाको देहाय बमोजिमको जग्गा वर्गिकरण मापदण्ड स्वीकृत गर्ने निर्णय गरियो।

तपसिल

१. नगरभित्र रहेका सार्वजनिक तथा सरकारी जग्गाहरुलाई सार्वजनिक उपयोगको क्षेत्रमा वर्गीकरण गर्ने।

२. नापी विभागबाट जारी भएको भू-उपयोग नक्सामा गैह्र कृषि (आवासीय, ब्यवसायीक,वन,सार्बजनिक उपयोग,औद्योगिक,सांस्कृतिक तथा पुरातात्विक,खानी तथा खनिज र नदी, खोला, ताल, सिमसार) क्षेत्रमा वर्गीकरण भएका सबै वर्गीकरणलाई यथावत कायम गर्ने।

३. नगर भित्रका मुख्य मुख्य सडकहरुसँग जोडिएका तर भू उपयोग नक्शामा कृषि क्षेत्रमा वर्गीकरण भएका जग्गाहरु सडक मापदण्ड छाडी सडक दाँया बाँया २०० मी सम्मको क्षेत्रलाई आवासीय क्षेत्रमा वर्गीकरण गर्ने।

४. वडा भित्रका शाखा सडकहरुसँग जोडिएका तर भू उपयोग नक्शामा कृषि क्षेत्रमा वर्गीकरण भएका जग्गाहरु सडक मापदण्ड छाडी सडक दाँया बाँया १०० मी सम्मको क्षेत्रलाइ आवासीय क्षेत्रमा वर्गीकरण गर्ने।

५. ब्यक्तिको नाममा दर्ता कायम रहेको एउटै कित्ता जग्गा कृषि र आवासीय क्षेत्रमा परेमा उक्त कित्ताको सम्पूर्ण क्षेत्रफल आवसीय क्षेत्रमा वर्गीकरण गर्ने तर कित्ताको क्षेत्रफ़ल पाँच हजार वर्ग मिटर भन्दा बढी भएमा कृषि क्षेत्रमा बर्गिकरण गर्ने।

६. मेलम्ची नगरपालिकाको १३ वटै वडा भित्र खानी वा खनिज पदार्थ फेला परे उक्त पदार्थ फेला परेको क्षेत्र र त्यसले चर्चेको जग्गाको कित्ता ले ओगटेको सम्पूर्ण क्षेत्र लाई खानी तथा खनिज क्षेत्रमा बर्गिकरण गर्ने।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

७. येस नगर भित्र पर्यटकीय गतिविधिमा उपयोगहुने र सरकारी ,सार्वजनिक वा निजि क्षेत्र समेतले व्यावसायिक तथा व्यापारिक प्रयोजनको लागि स्थापना गरेको उद्योग व्यावसाय तथा व्यापारिक केन्द्र र तिनले चर्नेको जग्गा र भविष्यमा निर्माण गर्न छुट्याइएको जग्गा लाई व्यावसायिक क्षेत्रमा वर्गिकरण गर्ने ।

८. राष्ट्रिय सडक ,जिल्ला सडक लगायत ८ मिटर र सो भन्दा चौडा सडकका किनारमा बनेका र कुनै न कुनै व्यवसाय संचालन भएका ,आपसमा कित्ता जोडिएका १० भन्दा बढी व्यवसायिक इकाई भएको क्षेत्रलाई व्यावसायिक क्षेत्रमा वर्गिकरण गर्ने ।

९. आधिकारिक निकायबाट स्वीकृत प्राप्त गरि औद्योगिक क्रियाकलापमा संचालन भइरहेको निजि जग्गालाई औद्योगिक क्षेत्रमा वर्गिकरण गर्ने ।

१०. भूउपयोग नक्शामा जनाइएको जोखिम क्षेत्र र संबेदनशील जग्गा लाई नक्शा बमोजिम नै वर्गिकरण गर्ने ।

निर्णय नं. ६ : मेलम्ची नगरपालिका वडा नं. ७ र ८ स्थित दुवाचौर बाँसखर्क जोड्ने सडक वर्षाको कारण जिर्ण अवस्थामा रहेको र दैनिक यातायात संचालन र स्थानीय नागरिकहरुको आवतजावतमा कठिनाई उत्पन्न भएको हुँदा प्राविधिक लागत इष्टिमेट बमोजिम मर्मत संभार कोषबाट खर्च हुने गरी उक्त सडक मर्मत संभार गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ : मेलम्ची नगरपालिकाको तर्फबाट सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत लगायत अन्य न्यायिक र अर्धन्यायिक निकयाहरुमा रिट शुरु मुद्धा तथा पुनरावेदन सम्बन्धी मुद्धा दर्ता, बहश, पैरवी, लिखित जवाफ पेश गर्ने, तारेख लिने, पुर्पक्ष लगायत सम्पूर्ण न्यायिक कार्य गर्नको लागि यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री अमृत कुमार धितालालाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ : नागरिकको आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने हकलाई सूनिश्चत गर्नका लागि यस नगरपालिका अन्तर्गत विभिन्न वडाहरुमा रहेका स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुने स्वास्थ्य सेवालाई प्रभावकारी तथा गुणस्तरीय बनाउनको लागि नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसंग देहाय बमोजिमका योजनाहरु माग गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको विवरण | बजेट रु. |
|---|---|---|
| १ | वडा नं. ३ को स्वास्थ्य चौकी भवन निर्माण, मेलम्ची न.पा. ३ | १,३०,००,०००/- |
| २ | मेलम्ची नगर अस्पतालमा Blood Bank स्थापना, मेलम्ची न.पा. ११ | १५,००,०००/- |
| ३ | गाउँघर क्लिनिक तथा खोप संचालन भवन तथा फर्निचर, मेलम्ची न.पा. १० | ८,००,०००/- |
| ४ | ILR Fridge तथा उपकरण र फर्निचर खरिद | २०,००,०००/- |
| ५ | सुनखानी शहरी स्वास्थ्य केन्द्र निर्माण, मेलम्ची न.पा. ९ | ७७,००,०००/- |
| | जम्मा | २,५०,००,०००/- |

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल

निर्णय नं. ९ : मेलम्ची नगरपालिका वडा नं. ११ स्थित मेलम्ची नगर अस्पताललाई २५ शैयाको अस्पतालको रुपमा स्तरोन्नती गर्नको लागि वृहत परियोजना प्रतिवेदन (DPR) निर्माण गर्ने निर्णय गरियो।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

२०८०।४।८

२०८०।४।८